# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश , नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## सेवा करारमा पदपूर्तिको लागि दरखास्त आव्हानको लागि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०५/२७**

प्रस्तुत विषयमा यस माण्डवी गाउँकार्यपालिकाको मिति २०७८/०५/१७ गते बसेको बैठकको निर्णय अनुसार सामुदायिक स्वास्थ्य इकाई, माण्डवी गा.पा.-०४, सल्लिखर्क र कोभिड अस्थाई अस्पतालको लागि तपशिलको पदमा खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा प्राविधिक कर्मचारी करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक, योग्य, दक्ष नेपाली नागरिकहरु बाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको वेबसाइट **www.mandavimun.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपशिल

१. पदको विवरण

| क्र स. | बिज्ञापन नं . | पद/श्रेणी | तह | माग गरिएको पद संख्या | परिक्षा दस्तुर(.रु) |
|---|---|---|---|---|---|
| ०१ | ०१/०७८/७९ | स्टाफ नर्स | सहायक स्तर पाँचौ | २ | ८००/- |
| ०२ | ०२/०७८/७९ | अ.हे.व | सहायक स्तर चौथो | १ | ५००/- |
| ०३ | ०३/०७८/७९ | कार्यालय सहयोगी | श्रेणी विहिन | १ | ३००/- |

**२.आवश्यक न्युनतम योगयता :**

*अ.हे.व. पदको लागि:* नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व कोर्ष पुरा गरि नेपाल स्वास्थ्य व्यवसाय परिषदमा दर्ता भएको

*स्टाफ नर्स पदको लागि:* नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स कोर्ष पुरा गरि नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको

*कार्यालय सहयोगी पदको लागि:* सामान्य लेखपढ

**३. आवश्यक कागज** (क) नेपाली नागरिकताको प्रमाण पत्र (ख) हालसालै खिचिएको पासपोर्टसाइजको ३ प्रति फोटो (ग) शैक्षिक योग्यता तथा अनुभवका प्रमाणपत्रहरु घ) दरखास्त दस्तुर बुझाएको नगदी रसिद उल्लेखित प्रमाण-पत्रका प्रतिलिपिहरू २ प्रति स्वयंम प्रमाणित गरि दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा उपस्थित भई पेश गर्न सकिनेछ ।

**४. परिक्षाको किसिम:** लिखित र अन्तर्वार्ता ।

**५. दरखास्त दिने अन्तिम मिति:** २०७८/०६/१० गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन ।

**६.सम्पर्क मिति** : २०७८/०६/११ गते, परिक्षाको मिति सम्पर्क मितिमा तोकिनेछ ।

**७. उमेरको हद:** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**८. तलब स्केल** : गाउँपालिकाको नियम अनुसार

**९. करार अवधि** :२०७८ पौष मसान्त सम्म ।

**१०.थप जानकारीको लागि सम्पर्क नं** :.९८५७८३६००६, ९८५७८३३२३३ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत